नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep
# १३

२० असार २०७७

# दैनिक विपद् बुलेटिन

१९ असार बिहान १०:०० बजेदेखि २० असार बिहान १०:०० बजे सम्म

नेपालमा आज पहिरो, शर्पदंश, आगलागी, चट्याङ्ग र बाढीका घटनाहरु घटेका छन् । पछिल्लो जानकारी अनुसार बझाङमा गएको पहिरोबाट ३ जनाको मृत्यु हुनुका साथै ४ जना हराईरहेका छन् । सिरहाको २ स्थान र धनुषाको १ स्थानमा गरी शर्पदंशबाट ३ जनाको मृत्यु भएको छ । यसैगरी नुवकोटमा शर्पदंशबाट १ जना घाईते भएका छन् । खोटाङ, डोल्पा, मोरङ्ग र भक्तपुरमा गरी ४ स्थानमा आगलागी भएको छ । मकवानपुर र प्युठानका २ स्थानमा चट्याङ्ग परेको छ । सिन्धुपाल्चोक र गुल्मीमा पहिरो गएको छ भने प्युठान र कैलालीमा बाढी आएको छ ।

| मृत्यु संख्या | हराएको | घट्ना संख्या | घाइते | अनुमानित क्षति रु. | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ६ | ४ | १६ | ७ | १,०२,६९,५०० | ० | १७ |

## घट्ना सारांश

- मुलुकभर गएको २४ घण्टामा विपद्का **१६** वटा घट्नाहरु भएका छन् ।
- **बझाङको** केदारस्युँ गाउँपालिका वडा नं. ८ मल्लेसीमा गएको **पहिरोमा** पुरिएर ३ जनाको मृत्यु हुनुका साथै ४ जना हराईरहेका छन् । **पहिरो**का कारण १८ घर पुरिएका छन् । यस घट्नाको विस्तृत विवरण पछि दिनेछौ ।
- **सिरहा**को कर्जन्हा नगरपालिका वडा नं. ४ मा एकजना **बालिका** शर्पदंशबाट घाईते भई उपचारको क्रममा **मृत्यु** भएको छ। यसैगरी गोलबजार नगरपालिका वडा नं. १० धरमपुरमा बस्ने अर्को एक बालिका **शर्पदंश**बाट घाईते भई उपचारको क्रममा **मृत्यु** भएको छ ।



फोटोः लोकेन्द्र वि.क.

बझाङको केदारस्युँ गाउँपालिका वडा नं. ८ मा गएको पहिरो

- **धनुषा** सबैला नगरपालिका वडा नं. ५ मखनाहामा एक बालकको **शर्पदंश**ले घाईते भई उपचारको क्रममा **मृत्यु** भएको ।
- **नुवाकोट** मेघाङ गाउँपालिका वडा नं. ५ टक्सारमा एकव्यक्ति घाँस काट्ने क्रममा **शर्पदंशबाट** घाईते भएका छन् ।

## घट्ना सारांश


- **खोटाङ** दिक्तेल रुपकाकोट मझुवागढि नगरपालिका वडा नं. १३ मौरी स्थित एक घरको भान्सामा अचानक **आगलागी** हुँदा अन्नपात ,भाडावर्तन ,काठपात जलि **अन्दाजी रु.३५,००० बराबरको** क्षति भएको छ ।
- **डोल्पाको** ठुलीभेरी नगरपालिका वडा नं. ७ जुफालको **बागवानी विकास केन्द्रको** आवास गृहमा खान पकाउने क्रममा ग्याँस लिक भई **आगलागी** हुँदा पूर्णरुपमा जली **अन्दाजी रु. ४५,३४,५०० बरावरको** क्षति भएको छ ।
- **मोरङ** बेलबारी नगरपालिका ११ संगम टोलको एक घरमा अचानक **आगलागी** हुँदा अन्दाजी रु.१० लाख बराबरको क्षति भएको छ।
- **भक्तपुर**को मध्यपुर ठिमी नगरपालिका वडा नं. ३ गट्ठाघरको एक घरमा कोठामा पुजा गर्न धुप बाल्ने क्रममा खाना पकाउने ग्यास लिगभई अचानक **आगलागी** हुँदा एकव्यक्तिलाई आगोले पोली **घाईते** भएको छ ।
- **मकवानपुर** हेटौडा उपमहानगरपालिका वडा नं. १३ बनस्पतिको एक घरमा परेको **चटयाङ** लागी एक जना व्यक्ति घाईते भएको छ ।
- **प्युठान**को गौमुखी गाउँपालिका वडा नं.३ रमदिखोरको एक गोठमा **चटयाङ्ग** पर्दा १ वटा भैंसी मरेको छ ।
- **सिन्धुपाल्चोक** जुगल गाउँपालिका वडा नं. ४ कातिकेमा अचानक **पहिरो** गई घर बगाउँदा **अन्दाजी रु.७ लाख** बराबरको क्षति भएको छ।
- **गुल्मीको** मुसिकोट नगरपालिका वडा नं. २ हस्थोक अमराईमा दुई वटा गोठ सहित चौपायाहरु **पहिरो**ले पुरेको छ।
- **प्युठान**को नौबहिनी गाउँपालिका वडा नं.६, लाखाचौरमा **अबिरल बर्षाको कारण** आएको **बाढीले निर्माणधीन पक्की पुल** सेटिङ गरेको सामाग्रीहरू बगाई **रु.४० लाख** बराबरको क्षति भएको ।
- **कैलाली** कारण बर्दगोरिया वडा नं. ६ बास्कोटीमा एक्कासी **बाढी** आँउदा खोला किनारमा बस्ने रहेका १२ वटा घरमा पानी पसि घरको भाडा वर्तन, लत्ता कपडा, खाद्यान्न लगायत घरमा पालेका पशुपंक्षि समेत क्षति भएको छ ।
- **कैलालीको** जोशीपुर गाउँपालिका वडा नं.१ फाडियामा **अबिरल बर्षा**का कारण काढा नदीमा पानिको बहाब बढ्न गई **एक** घर भत्किएको छ ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोली बझाङको भिषण पहिरो गएको स्थानमा पुगेर उद्धारको कार्य गरिरहेको छ । साथै शर्पदंश, चटयाङ्ग, आगलागी, बाढी लगायतका विपदको घट्नाका घाईतेहरुको उद्धार गरी उपचारका लागि नजिकको स्वास्थ्य सेवा केन्द्रहरुमा पुर्याइएको छ ।

## वर्षाको सारांशः

आज मिति २०७७/०३/२० गते विहान ०८:४५ बजे १२३ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ४५ र स्वचालितः ७८) मा मापन गरिएको वर्षाको विवरण अनुसार ९२ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (१११ मि. मी.) कञ्चनपुर जिल्लाको महेन्द्रनगर केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, ९ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, २६ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ५३ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

## बाढी पूर्वानुमान

### असार २० (शनिबार)

- आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीहरुमा बहाव बढ्दो हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने। कन्काई, कमला, बागमती, पश्चिम राप्ती,बबई लगायतमा बहाव बढ्दो हुने र बहाव सतर्कता भन्दा तलै हुने संभावना । अरूणखोला, तिनाउ, बाँणगंगा,पश्चिम राप्ती र बबईका सहायक नदीमा बहाव बढ्दो हुने केहिमा बहाव सतर्कता तह पार गरी खतरा आसपास सम्म पुग्न सक्ने ।
- आज पाँचथर, ईलाम,झापा, मोरङ, सुनसरी,धनकुटा, सप्तरी, सिराहा,धनुषा, महोत्तरी, सर्लाही, उदयपुर, ओखलढुङगा, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, सिन्धुली, काभ्रेपलान्चोक, मकवानपुर, नुवाकोट, रसुवा, गोरखा, लमजुङ, धादिङ, तनहूँ, कास्की, बागलुङ, पर्वत,म्याग्दी, चितवन, नवलपरासी, रूपन्देही, कपिलबस्तु, गुल्मी,पाल्पा, अर्घाखाँची, स्याङजा, रोल्पा, रूकुम, प्यूठान, दाङ, बाँके, बर्दिया, जाजरकोट, सुर्खेत, दैलेख, ,कैलाली, कञ्चनपुर, अछाम, डोटी, डडेलधुरा र आसपास जिल्ला भई बहने केहि साना नदी जलाधारमा क्षणिक मध्यम बर्षा भई आसपासका केहि स-साना खोलाहरुमा बहाव बढ्ने, केहिमा सतर्कता आसपास पुग्न सक्ने र प्रदेश ५ भई बहने केहि स-साना खोलामा खतरा आसपास सम्म पनि पुग्न सक्ने ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/